माङसेबुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

इभाङ, इलाम | १ नं. प्रदेश, नेपाल

## नदीजन्य पदार्थको विक्रीको लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सुचना

### प्रथम पटक प्रकाशित मिति २०७८/०५/२०

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) तथा गाउँ कार्यपालिकाको मिति २०७८/०५/१७ को निर्णय अनुसार यस गाउँपालिकाको आइ. इ. इ. प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य सामाग्री उत्खनन गरी माङसेबुङ गाउँपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ती, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृदि कर दर्ता प्रमाणप्रत्र, आ.व ०७७/७८ को करचुक्ता प्रमाणप्रत्र वा म्याद थपको प्रमाणपत्र वा कर दाखिला गरेको प्रमाणित हुने कागजात र नेपाली नागरिकताको प्रमाणप्रत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमको शर्तहरुका अधिनमा रहि दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरीएको छ ।

तपशिल

| सि नं | सुचना नं. / दरभाउपत्र नं. | दरभाउपत्रको नाम | न्युनतम दरभाउपत्र रकम (सेवाशुल्क र VAT बाहेक ) | धरौटि रकम | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | MRM/IR/078/79-01 | देउमाई, फेवा र लम्फेवा खोलाको नदिजन्य सामाग्री (पदार्थ) संकलन तथा बिक्री गर्ने ठेक्का | १२०००००.०० ( बाह्र लाख रुपैया मात्र ) | कबोल अंकको ५(पाँच) प्रतिशत | १००० ।- |

**शर्तहरु :**

१ . फर्महरुको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र ,मुल्य अभिवृदिकर दर्ता प्रमाणपत्र , आ.व ०७७/७८ को करचुक्ता प्रमाणप्रत्र वा म्याद थपको प्रमाणपत्र वा कर दाखिला गरेको प्रमाणित हुने कागजात र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, सिटिजन्स बैंक इन्टरनेशनल माङसेबुङ शाखामा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं. ०६९०१००००००१२०२ मा बोलपत्र दस्तुर बुझाएको नगद भौचर जम्मा गरी सुचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र सम्बन्धी कागतजातहरु खरीद गर्न सकिने व्यवस्था रहेको छ । तोकिएको वोलपत्र दस्तुर यस कार्यलयको बैंक खातामा जम्मा गरेको भौचरलाई दरभाउपत्र सम्बन्धी कागतजातका साथ संलग्न गरी खरीद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी

डिल्ली राम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

गरेर खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोप्राईटरको नाम, ठेगाना, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा बुझाउनुपर्नेछ । दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. दरभाउपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ । आफुले कबोल गरेको अंकको ५ % को दरले हुन आउने धरौटी रकम यस कार्यालयको सिटिजन्स बैंक इन्टरनेशनल माडसेबुङ शाखामा मा रहेको धरौटी खाता नं ०६९०१००००००२९२०१ मा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजतप्राप्त बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बन्ड सिलबन्दी खामसहित पेश गर्नुपर्ने छ ।

३. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रितपुर्वक पर्न आएका दरभाउपत्र सम्बन्धी कागतजात हरु पेश गर्ने अन्तिम दिनको १४:०० बजे विभिन्न कार्यालयका प्रतिनिधी, निर्माण ब्यबसायी वा निजले तोकेका प्रतिनिधी हरुको रोहबरमा यस कार्यलयमा खोलिनेछ । साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधी दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउपत्र सम्बन्धी जानकारी लिनुपरेमा यस कार्यालयमा सम्पर्क राख सकिनेछ । म्याद नाघी ,रित नपुगी वा शर्त रहित पेश हुन आएमा दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

५ .स्वीकृत दरभाउपत्रदाताले कबोलबमोजिमको बार्षिक ठेक्का रकम एकमुष्ठ बुझाएमा १०% छुट दिन सकिनेछ । स्वीकृत दरभाउपत्रदाताले किस्ताबन्दीमा रकम बुझाउन चाहेमा कबोल अंकको ४०% ले हुन आउने रकम आन्तरिक राजश्व खातामा जम्मा गरी बाँकी ६०% बराबरको रकम ठेक्का सम्झौता अवधि सम्मको समयावधी भएको राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकको कार्यसम्पादन जमानत पेश गरेपछी मात्र सम्झौता गरिनेछ । दोस्रो किस्ता कबोल अंकको ३०% ले हुन आउने रकम पौष मसान्तभित्र त अन्तिम किस्ता बापतको ३०% ले हुन आउने रकम चैत्र मसान्तभित्र यस कार्यालयमा जम्मा गरिसक्नुपर्नेछ ।

६. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार दरभाउपत्र बन्दोवस्त गरिनेछ।

विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट www.mansebungmun.gov.np हेर्न तथा ९८५२६८७७७० मा सम्पर्क गर्न सकिने छ ।

०८१/२/२०

डिल्ली राम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner